पोखरा उपत्यका साइडसिन घुम्न जाऔं
घुमाउने ठाउँहरू
बेगनास-रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, विन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।
गाडी छुट्ने समय बिहान ९:३० बजे
सम्पर्क: मानसरोबर टुर्स एण्ड ट्राभल्स
061-544439, 589012, 9856051659
9856034631, 9856082622

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क ८७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ चैत २८ गते बिहीबार ❑ 10 April 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-

## नेपालको आर्थिक वृद्धिदर चार दशमलव चार प्रतिशत रहने अनुमान

रासस
काठमाडौं, २७ चैत

एसियाली विकास बैंक (एडिबी) ले सन् २०२५ मा एसिया क्षेत्रको आर्थिक वृद्धिदर चार दशमलव नौ र नेपालको आर्थिक वृद्धिदर चार दशमलव चार प्रतिशत रहने प्रक्षेपण सार्वजनिक गरेको छ।

एडिबीले बुधबार 'एसियन डेभलपमेन्ट आउटलुक-२०२५' प्रतिवेदन सार्वजनिक गर्दै एसियाली मुलुकहरूको आर्थिक वृद्धिदर र मुद्रास्फीतिबारे प्रक्षेपण गरेको हो।

अमेरिकाले तय गरेको भन्सार नीति, भूराजनीतिक तनावलगायत कारण एसिया र प्रशान्त क्षेत्रमा व्यापारिक अनिश्चितताले आर्थिक वृद्धिदर तथा मुद्रास्फीतिमा प्रभाव पार्ने प्रतिवेदनमा उल्लेख छ।

अमेरिकाले नयाँ भन्सार दर तोकेपछि यसले विश्वभर व्यापारिक अनिश्चितता कायम गरेको एडिबीले जनाएको छ। अमेरिकी भन्सार शुल्कको क्षेत्रीय प्रभाव विश्लेषण गर्दै एडिबीले एसिया र प्यासिफिक क्षेत्रमा सन् २०२५ मा आर्थिक वृद्धिदर चार दशमलव नौ प्रतिशत र सन् २०२६ मा चार दशमलव सात प्रतिशतमा खुम्चिने अनुमान गरेको छ। त्यस्तै, यस क्षेत्रको मुद्रास्फीति सन् २०२५ मा दुई दशमलव तीन र सन् २०२६ मा दुई दशमलव दुई प्रतिशतमा घट्ने प्रक्षेपण गरिएको छ। सन् २०२४ मा एसिया क्षेत्रको मुद्रास्फीति दुई दशमलव छ प्रतिशत थियो।

नेपालको मुद्रास्फीति भने सन् २०२५ मा पाँच दशमलव दुई र सन् २०२६ मा पाँच प्रतिशत रहने अनुमान गरिएको छ। गत असोजमा आएको बाढीपहिरोका कारण आपूर्ति शृङ्खलामा असर पर्दा मुद्रास्फीतिमा त्यसको प्रभाव देखिएको एडिबीले जनाएको छ। सन् २०२६ मा नेपालको आर्थिक वृद्धिदर पाँच दशमलव एक प्रतिशत रहने अनुमान गरिएको छ। "अप्रिलको सुरुआतमा घोषणा गरिएका अमेरिकी भन्सार शुल्कहरूको पूर्ण कार्यान्वयन र थप अमेरिकी व्यापार नीति परिवर्तनले आर्थिक वृद्धिदरमा गिरावट ल्याउन सक्ने अनुमान गरिएको छ। व्यापार क्षेत्रमा थप अनिश्चितताहरू देखिन सक्छ", प्रतिवेदनमा भनिएको छ।

साथै विस्तारमुखी वित्तीय नीतिहरूले मुद्रास्फीति बढाउन सक्ने अनुमान गरिएको छ। मध्यपूर्व क्षेत्रमा देखिएको तनावका कारण आपूर्ति शृङ्खलामा अवरोध, खाद्य र ऊर्जा मूल्यमा वृद्धि, विश्वव्यापी आर्थिक अनिश्चितता युक्रेन-रुसको युद्धबाट सिर्जित समस्यालगायत कारणले जोखिम बढ्ने एडिबीले अनुमान गरेको छ।

## हिमाल आरोहणका लागि ४१ समूहका ३८१ जनाले लिए अनुमति

रासस
काठमाडौं, २७ चैत

वसन्त ऋतुमा सर्वोच्च शिखर सगरमाथासहित विभिन्न हिमाल आरोहणका लागि ४१ आरोही समूहका तीन सय ८१ जनाले अनुमति लिएका छन्।

पर्यटन विभागका अनुसार बुधबारसम्म सगरमाथा, आमादब्लम, अन्नपूर्ण-१, मकालुलगायत हिमाल र पिक आरोहणका लागि ८४ महिला र २९७ पुरुषसहित कूल ३३१ जनाले अनुमति पाएका हुन्।

विभागका निर्देशक आरती न्यौपानेका अनुसार सगरमाथा आरोहणका लागिमात्रै १४ आरोही समूहका २७ महिला र १०७ पुरुषसहित जम्मा १३४ जनाले अनुमति पाएका छन्। नेपालसहित ७५ देशका नागरिकले हिमाल आरोहण अनुमति लिएका छन्। जसमध्ये ३० देशका २७ महिला र १०७ पुरुषसहित कूल १३४ जनाले सगरमाथा आरोहण गर्न अनुमति लिएका हुन्। यस्तै अन्नपूर्ण-१ मा छ आरोही समूहका ६६, आमादब्लाममा चार ४८ र मकालुमा तीन समूहका ४० जनाले विभागबाट आरोहण अनुमति लिएका छन्। हालसम्म हिमाल आरोहणबाट रु २४ करोड ५२ लाख ७७ हजार पाँच सय ३७ रोयल्टी रकम सरकारी खातामा जम्मा भएको छ।

## छेलोलाई १०औँ राष्ट्रिय खेलकुदमा समावेश गर्न माग

पोखरापत्र संवाददाता
पोखरा, २७ चैत

गण्डकी प्रदेशसभाको मङ्गलबारको बैठकमा गण्डकी प्रदेशमा परापूर्व कालदेखि प्रचलनमा रहँदै आएको मौलिक खेल छेलो (ठेलो)लाई आसन्न दशौँ राष्ट्रिय खेलकुद प्रतियोगितामा समावेश गर्नुपर्ने आवाज उठेको छ।

बैठकको आकस्मिक समयमा प्रदेशसभा सदस्य बेदबहादुर गुरुङले यसअघि नवौँ राष्ट्रिय खेलकुद प्रतियोगितामा प्रदर्शनी खेलका रुपमा समावेश भइसकेको छेलो खेललाई दौँ राष्ट्रिय खेलकुदमा समेट्नुपर्ने बताउनुभयो। "गण्डकी प्रदेशको मौलिकता र पहिचानसँग जोडिएको यस खेललाई राष्ट्रिय/अन्तरराष्ट्रिय खेलकुद प्रतियोगितामा समावेश गर्न प्रदेश सरकार र सम्बन्धित मन्त्रालयले पहल गरोस्", उहाँले भन्नुभयो, "राष्ट्रिय खेलकुद परिषद् र सातवटै प्रदेश सरकारसँगको समन्वयमा यस खेललाई दशौँ राष्ट्रिय खेलकुदमा समावेश गर्न आवश्यक बजेटको प्रबन्ध र जनशक्ति उत्पादनमा पहल लिनु आवश्यक छ।" प्रदेशको मौलिक खेलका रुपमा छेलो खेलेको संरक्षण र पहिचानका लागि प्रदेश सरकारले यसअघि नै कार्यविधि बनाएका काम गरेको उल्लेख गर्दै प्रदेशसभा सदस्य गुरुङले आगामी आवको बजेट तथा कार्यक्रममा पनि त्यसलाई निरन्तरता दिन माग गर्नुभयो।

## फेवा महोत्सवमा दर्शक उपस्थिति भव्य रहने

पोखरापत्र संवाददाता
पोखरा, २७ चैत

होटल संघ पोखरा नेपालले लेकसाइडमा आयोजना गर्न लागेको फेवा नववर्ष महोत्सवलाई सफल पार्न गठित विभिन्न उपसमितिका संयोजकहरुले महोत्सवमा दर्शकको उत्साहजनक सहभागिता जुटाई कार्यक्रमलाई भव्य बनाइने बताएका छन्।

यही चैत ३० गतेदेखि आगामी वैशाख १ गतेसम्म पोखराको ड्यामसाइड र खहरे विचको सडकमा महोत्सव आयोजना हुने छ। महोत्सव उपसमितिका संयोजकहरु संलग्न संघको हालै सम्पन्न बैठकमा संघ अन्तर्गतका सदस्य, प्रतिष्ठानका कर्मचारीहरु र आम समूह तथा पर्यटकीय संघसंस्थाका व्यक्तित्वहरु संलग्न विशाल र्‍यालीनिकाली महोत्सवको उद्घाटन गरिने विषयमा चर्चा गरिएको थियो।

महोत्सवका मूल संयोजक एवं आयोजक संघकाअ अध्यक्ष लक्ष्मण सुवेदीले महोत्सवको तयारी



अन्तिम चरणमा पुगेको जानकारी गराउँदै महोत्सवको अवसरमा निकालिने र्‍याली तथा झाँकी विशेष रहने जानकारी दिए। लेकसाइडका सडकका विभिन्न ठाउँमा सांस्कृतिक नाचहरु हरेक दिन प्रदर्शन गरिने जानकारी पनि उनले दिए। पर्यटन, संस्कृति र खाना फेवा महोत्सवको मुख्य आकर्षण रहने संघले जनाएको छ। महोत्सवका अवसरमा आयोजक संघले पोखरा आउने पाहुनालाई होटलको प्रकाशित दररेटमा २० प्रतिशत छुट प्रदान गर्ने जानकारी यसअघि नै दिइसकेको छ।

प्रदेशस्तरीय मौलिक तथा रैथाने परम्परागत खानाको प्रदर्शन, सांस्कृतिक कार्यक्रमहरुको प्रस्तुती, मनोरञ्जनात्मक खेलकुद कार्यक्रम र पर्यटक दौड प्रतियोगिता महोत्सवका आकर्षण रहने छन्। व्याडमिन्टन कप, स्थानीय एवम् प्रख्यात कलाकारद्वारा प्रत्यक्ष पप कन्सर्ट, कृषि एवम् हस्तकलाका सामानहरुको प्रदर्शनी तथा स्थानीय तथा प्रख्यात कलाकारद्वारा लोक दोहोरी कार्यक्रम पनि प्रस्तुत हुने छ। फेवा महोत्सवको मुख्य प्रायोजक गोर्खा ब्रुअरी प्रा.ली, सह प्रायोजक वरुण वेभरेज लि.को पेप्सी, प्रायोजकहरुमा बन्दीपुर केवलकार लि. फोन पे, अन्नपूर्ण केवलकार लि, टोकला चिया रहेका छन्। इन्स्योरेन्स पार्टनरमा प्रभु इन्स्योरेन्स कम्पनी र प्रवर्द्धकमा नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश, पोखरा महानगरपालिकका रहने कार्यक्रममा जानकारी गराइयो।

सो अवसरमा संघको २० औं अधिवेशनबाट निर्वाचित भई २०८१ सालको कात्तिक ७ गतेसम्म सक्रिय समितिका पदाधिकारीहरुलाई प्रशंशापत्र प्रदान गरिएको थियो। यसअघि सम्पन्न संघका महोत्सव र कार्यक्रमलाई सफलतापूर्वक सम्पन्न गर्न सघाउ पुर्‍याउने एरिया संयोजकहरुलाई पनि सो अवसरमा मायाको चिनो प्रदान गरियो। संघका निवर्तमान अध्यक्ष विकल तुलाचन, संघका उपाध्यक्ष एवं महोत्सवका सहसंयोजकद्वय दीपक श्रेष्ठ र गणेशराज पहारीले पनि सो अवसरमा भनाई राखेका थिए। कार्यक्रमको संचालन संघका महासचिव राजेन्द्र ढकालले गरेका थिए।

## चैते दसैँमा ४२ लाख भेटी सङ्कलन

पोखरापत्र संवाददाता
पोखरा, २७ चैत

चैते दसैँमो अवसरमा कालिका भगवती मन्दिरमा रु ४२ लाख ६३ हजार भेटी सङ्कलन भएको छ। नवरात्रको अवधिभर उक्त रकम सङ्कलन भएको हो।

गत वर्षको तुलनामा यस वर्ष रु दुई लाखभन्दा बढी भेटि सङ्कलन भएको हो। गण्डकी प्रदेशको प्रमुख शक्तिपीठमध्येको ऐतिहासिक बागलुङ कालिका मन्दिरमा चैते दसैँको अवसरमा यस वर्ष आएका सात लाखभन्दा बढी दर्शनार्थी आएको कालिका गुठी व्यवस्थापन समितिका अध्यक्ष कुमार खड्काले जानकारी दिनुभयो। "चैते दसैँको मुख्य दिनमा अहिलेसम्मकै धेरै भक्तजन र अहिलेसम्मकै धेरै भेटी सङ्कलन भएको छ", खड्काले भन्नुभयो "अष्टमीमा एकै दिन तीन लाखभन्दा बढी भक्तजन आएका थिए, उक्त दिन ट्राफिक व्यवस्थापनमा समेत हम्मे-हम्मे परेको थियो।" बागलुङ कालिका मन्दिरमा वडा दसैँ र चैते दसैँ अनि शनिबार र मङ्गलबार विशेष पूजा हुन्छ। मन्दिरमा चढाइने अक्षता, बोका तथा कुखुराको टाउकोबाट पनि कमाइ हुने गरेको छ।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्पलेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

## पोखरामा प्रथम बिल बहादुर मेमोरियल अन्तर विद्यालय स्तरिय व्याडमिन्टन प्रतियोगिता सुरु

पोखरापत्र संवाददाता
पोखरा, २७ चैत

पोखरामा प्रथम बिल बहादुर मेमोरियल अन्तरविद्यालय स्तरिय व्याडमिन्टन प्रतियोगिता २०८१ सुरु भएको छ। बिल्स फाउण्डेसनको आयोजनामा फिट नेपाल स्पोर्ट्स प्लेक्सको नयाँ कभर्ड हलमा उक्त प्रतियोगिता बुधबारदेखि सुरु भएको हो।

यही चैत ३० गतेसम्म संचालन हुने प्रतियोगिताको उद्घाटन गण्डकी प्रदेश सभा सदस्य सरस्वती गुरुङले दिप प्रज्वलन गर्दै गर्नुभयो। कार्यक्रममा बोल्दै उहाँले बिल्स फाउण्डेसनले खेलकुदको क्षेत्रमानयाँकार्यप्रारम्भगरेकोमाप्रशंसा गर्दै ओलम्पिकसम्म यात्रामा खेलाडीहरुलाई लैजाने सपना पूरा गर्न राज्यले समेत सहयोग गर्नुपर्नेमा जोड दिनुभयो। उक्त अवसरमा समाजसेवी स्व.बिल बहादुर गुरुङको शालिक समेत अनावरण गरिएको छ। उक्त प्लेक्समा उहाँको अर्धकदको शालिक राखिएको छ।

समाजसेवी स्व.बिल बहादुर गुरुङका धर्मपत्नी हरसुब्बा गुरुङको अध्यक्षतामा कार्यक्रम भएको हो।

बुधबारको खेलमा १६ बर्ष मुनिका खेलाडीहरु सहभागि छात्रा तर्फको खेलमा सुजिका श्रेष्ठले समृद्धि केसीलाई पराजित गरिन्। त्यसै गरी बुधबार १९ बर्ष मुनिका सहभागि छात्र तर्फको खेलमा साइमोन कार्की, कुशल श्रेष्ठ, अबिराज शेरचन, हिमाल श्री, भुवन अधिकारी, पृथक गुरुङ, सुमित सुनार र विभस पुनले जित हासिल गर्नुभयो। बिहिबार पहिलो चरणका खेलहरु हुने भएको छ।

मोहन भूगोल फाउण्डेसनको व्यवस्थापनमा ३ वटा विधामा छात्र तथा छात्रा तर्फको प्रतिष्पर्धा हुदैछ। प्रतियोगितामा करिब १ सय ५० जना खेलाडीहरु सहभागि हुदै गरेको प्रतियोगिताका संयोजक भूगोल गुरुङले बताउनु भयो। व्याडमिन्टन खेलको तल्लोतह (ग्रासरुट) बाटै विकास गराउदै पोखरालाई खेल पर्यटनको केन्द्र बनाउने अभियानमा थप टेवा पुग्ने विश्वासका साथ यस बर्षदेखि आफुहरुले कास्की जिल्ला तथा प्रदेश स्तरिय प्रतियोगिता आयोजना गरिएको उहाँले जनाउनु भयो। खेलाडीहरुको प्रतिभा प्रष्फुटनको अन्तिम बिन्दु ओलम्पिकसम्म पुर्‍याउने महत्वकाक्षी योजनाका साथ आफुहरुले व्याडमिन्टन खेलको बृद्धि बिकासको लागि नेपालमै अत्याधुनिक सुविधा सम्पन्न प्रथम स्पोर्ट्स कम्प्लेक्स संचालन गरेको संयोजक गुरुङको दाबी छ।

१६ बर्ष मुनिका खेलाडीहरु सहभागि (यू-१६) एकल छात्र तथा छात्रा तर्फको इभेण्टमा बिजेतालाई २० हजार, उपविजेतालाई १० हजार र तेश्रो हुने दुई जनालाई जनही ५/५ हजार साथमा ट्रफी मेडल र प्रमाण पत्र वितरण गरिने भएको छ। त्यसै गरी १९ बर्ष मुनिका खेलाडीहरु सहभागि (यू-१९) एकल छात्र तथा छात्रा तर्फको इभेण्टमा बिजेतालाई ३० हजार, उपविजेतालाई २० हजार र तेश्रो हुने दुई जनालाई जनही १०/१० हजार साथमा ट्रफी मेडल र प्रमाण पत्र वितरण गरिने भएको छ। त्यस्तै बी लेवलमा गण्डकी खुल्ला डवल तर्फको इभेण्टमा विजेताले ३० हजार, उपविजेताले २० हजार र तेश्रो हुनेले जनही १०/१० हजार साथमा ट्रफी मेडल र प्रमाण पत्र प्राप्त गर्ने भएको छ। यू-१६ को जिल्ला स्तरिय हुने छ भने अन्य दुई इभेण्ट गण्डकी प्रदेश स्तरिय हुने फाउण्डेसनका सचिव बरदान

बाँकी अन्तिम पृष्ठमा ▶▶

# पोखरा महानगरपालिका अन्तर विद्यालय छात्रा टि-२० क्रिकेट प्रतियोगिताको सेमीफाइनल समीकरण पूरा

**पोखरापत्र संवाददाता**
पोखरा, २७ चैत

पोखरा महानगरपालिका अन्तर विद्यालय छात्रा टि-२० क्रिकेट प्रतियोगिताको सेमीफाइनल समीकरण पूरा भएको छ।

पोखरा महानगरपालिका क्रिकेट संघको आयोजनामा लेखनाथस्थित ईडन हेभन क्रिकेट मैदानमा जारी पोखरा महानगरपालिका अन्तर विद्यालय छात्रा टि-२० क्रिकेट प्रतियोगिताको सेमीफाइनलमा पुग्ने ४ वटै टिमको बुधबार टुंगो लागेको हो। समूह चरणमा एक/एक जितेका अमरसिंह मावि, भद्रकाली मावि, त्रिभूवन शान्ति मावि र वाराही मावि सेमीफाइनलमा प्रवेश गरेको पोखरा महानगरपालिका क्रिकेट संघका अध्यक्ष बिरेन्द्र पुनले जानकारी दिए।

प्रतियोगिता अन्तर्गत अब विहीबार फाइनल प्रवेशका लागि पहिलो सेमीफाइनल खेलमा अमरसिंह माविले भद्रकाली मावि र त्रिभूवन शान्ति माविले वाराही माविको सामना गर्नेछ।

यसअघि विहीबार भएको खेलमा भद्रकाली माविले शुक्रराज बलभद्र मावलाई १३ रनले पराजित गर्दै सेमीफाइनल प्रवेश गरेको थियो। शुक्रराज बलभद्र माविले टस जितेर फिल्डिङ रोजेपछि पहिलो ब्याटिङमा उत्रिएको भद्रकाली माविले निर्धारित १५ ओभरमा ६ विकेट गुमाएर १५५ रन बनाएको थियो। भद्रकालीका लागि रिसा तामाङले १८ बलमा २२ रन र स्नेहा गुरुङले १५ बलमा १९ रनको योगदान दिईन्। शुक्रराज बलभद्रकी सेञ्जिला मगरले ३ ओभरमा २३ रन खर्चेर २ विकेट हत्याईन्। १५६ रनको लक्ष्य पाएको शुक्रराज बलभद्र १५ ओभरमा २ विकेट गुमाएर १४२ रनमा सिमित भएपछि भद्रकाली मावि बिजयी भएको हो। शुक्रराज बलभद्रका लागि रोजी परियारले ५० बलमा ५६ रन र रेजिना विश्वकर्माले १९ बलमा २१ रनको महत्वपूर्ण योगदान दिएपनि हार टार्न सकिनन्। भद्रकालीकी रिया तामाङले ३ ओभरमा १४ रन खर्चेर १ विकेट हत्याएकी थिईन्।

यस खेलमा बिजयी स्कुल भद्रकाली माविकी रोजी परियार प्लेयर अफ दी म्याच घोषित भईन्। अर्को खेलमा अमरसिंह माविले नवप्रभात मावलाई १०५ रनको फराकिलो अन्तरले पराजित गर्दै सेमीफाइनलमा स्थान सुरक्षित गर्‍यो।

टस जिते पहिलो ब्याटिङ गरेको अमरसिंह माविले निर्धारित १५ ओभरमा ३ विकेटको क्षेतिमा २२७ रनको विशाला योगफल तयार गर्‍यो। अमरसिंह माविकी अपेक्षा बुढाथोकीले ६२ बलमा १०९ रनको शतकीय पारी खेल्दा चन्द्रमाया बराललले २८ बलमा ४९ रनको महत्वपूर्ण योदान दिईन्। २२८ रनको विशाल लक्ष्य पछ्याएको नवप्रभात मावि निर्धारित १५ ओभरमा ६ विकेटको क्षेतिमा १२२ रनमा सिमित भएपछि अमरसिंह मावि फराकिलो अन्तरको जित हात पार्न सफल भएको हो। नवप्रभात माविकी रसिता श्रेष्ठले २२ बलमा २६ रन र विनिता पाण्डेले १५ बलमा २० रनको योगदान दिएपनि हार टार्न असफल भईन्। नवप्रभातलाई कम रनमा समेट्न अमरसिंहकी चन्द्रमाया बराललले ३ ओभरमा २० रन खर्चेर २ विकेट हत्याईन्। यस खेलमा बिजयी अमरसिंह माविकी अपेक्षा बुढाथोकी प्लेयर अफ दी म्याच घोषित भईन्। प्रतियोगिताको उद्घाटन खेलमा त्रिभूवन माविले लक्ष्मी मावलाई सुपर ओभरमा पराजित गर्दै बिजयी यात्रा शुरु गर्‍यो। निर्धारित १५ ओभरको खेल टाई भएपछि सुपर ओभरमा पुगेको खेलमा त्रिभूवन माविले पहिले ब्याटिङ गर्दै ९ रन बनाएको थियो। जवाफी ब्याटिङमा लक्ष्मी माविले ६ रन मात्रै बनाएपछि त्रिभूवन मावि ३ रनले बिजयी भएको हो।

यसअघि टस जितेको त्रिभूवन माविले फिल्डिङ रोजेपछि पहिलो ब्याटिङ गरेको लक्ष्मी माविले निर्धारित १५ ओभरमा ६ विकेट गुमाएर १५१ रन बनाएको थियो। लक्ष्मी माविका लागि सुप्रिया गुरुङले ५३ बलमा ७३ रन र प्रतिमा जयसवालले १२ बलमा १७ रनको योगदान गरे। त्रिभूवन माविकी प्रिया परियारले ३ ओभरमा २३ रन खर्चेर ३ विकेट र बबी यादवले समान ३ ओभरमै २३ रन खर्चेर २ विकेट हत्याईन्। १५२ रनको लक्ष्य पछ्याउँदै जवाफी ब्याटिङमा उत्रिएको त्रिभूवन माविले १५ ओभरमा ३ विकेट गुमाएर समान १५१ रन नै बनाएपछि खेल सुपर ओभरमा गएको थियो। त्रिभूवन माविका लागि विपस्यना कार्कीले ४९ बलमा ६६ रन र अनुस्का नेपालीले २३ बलमा २६ रनको योगदान दिएका थिए। उद्घाटन खेलमा त्रिभूवन माविकी विपस्यना कार्की प्लेयर अफ दी म्याच घोषित भईन्। दोश्रो खेलमा वाराही माविले कालिका मावलाई ९ विकेटले पराजित गर्दै सेमीफाइनल यात्रा सुनिश्चित गर्‍यो। टस जितेर वाराही माविले फिल्डिङ रोजेपछि कालिका माविले पहिलो ब्याटिङ गर्दै निर्धारित १५ ओभरमा ६ विकेट गुमाएर ११७ रन बनाएको थियो। कालिका माविका लागि पूजा वैजुले ४२ बलमा २८ रन र स्मारिका चौधरीले २० बलमा १५ रनको योगदान दिए। कालिका मावलाई सस्तैमा समेट्न वाराही माविकी सुस्मा पौडेलले ३ ओभरमा १९ रन खर्चेर ३ विकेट र हिरा मगरले समान ३ ओभर नै बलिङ गर्दै १६ रन खर्चेर २ विकेट हत्याए। ११८ रनको लक्ष्य लिएर जवाफ ब्याटिङमा उत्रिएको वाराही माविले ९.३ ओभरमा १ विकेटको क्षेतीमा लक्ष्य भेट्टायो। बिजयी वाराही माविकी सुस्मिता श्रेष्ठले १५ बलमा ३३ रन र सोनिमा थापा मगरले २१ ब्लमा ३२ रनको योगदान दिए। दोश्रो खेलमा बिजयी वाराही माविकी सुस्मा पौडेल प्लेयर अफ दी म्याच घोषित भईन्। महिला क्रिकेटको लोकप्रियता बढ्दै गइरहेको सन्दर्भमा ग्रास रुट क्रिकेटको विकाससँगै नया खेलाडीको प्रतिभा प्रष्फुटनसँगै खेलाडी पहिचान गर्ने उद्देश्य राखेर प्रतियोगिता आयोजना गरिएको पोखरा महानगरपालिका क्रिकेट संघका अध्यक्ष बिरेन्द्र पुनले जानकारी दिए। 'खेलाडी उत्पादन गर्ने दायित्व पोखरा महानगरकोपनि हो। त्यसैले दायित्व पूरा गर्न प्रतियोगिता आयोजना गरेका हौं'-उनले भने।

# आलु महोत्सवमा बढ्दो दर्शक सहभागिता

**पोखरापत्र संवाददाता**
पोखरा, २७ चैत




१३ औं राष्ट्रिय हेमजा आलु महोत्सवमा दिनप्रतिदिन दर्शक सहभागिता बढ्दै गएको छ। महोत्सव मध्येतिर आइरहदाँ दर्शक सहभागिता पनि बढ्दै गएको हो।

महोत्सवको चौथो दिन आज बुधबार मात्रै १० हजार बढी दर्शकले महोत्सव अवलोकन गरेका छन्। जुन महोत्सवका अन्य दिनको तुलनामा बढी हो। हालसम्म ३५ हजार बढी दर्शकले महोत्सव अवलोकन गरिसकेको मूल आयोजक समितिका महासचिव हिक्मत थापा जानकारी दिए। महोत्सव अवलोकन गर्नकै लागि हेमजा लगायत पोखरा महानगरपालिका, अन्नपूर्ण तथा माछापुच्छ्रे गाउँपालिका साथै छिमेकी जिल्लाबाट समेत मानिसहरु महोत्सव स्थल पुगेका छन्। महोत्सव प्रवेशका लागि साधारण ८० तथा विद्यार्थीका लागि ५० रुपैयाँमा टिकट व्यवस्था गरिएको छ।जसअनुसार दर्शक सहभागिता बढ्दै जाँदा आयोजक समेत हैसिएको छ। कृषि उपजमा नाममा भएको महोत्सव आफैमा महत्वपूर्ण भएकाले परिवार सहित अवलोकन गर्न आएको बुधबार महोत्सव स्थलमा भेटिएकी तनहुँ दुलेगौँडाकी सोममाया तामाङले बताइन्। त्यसका साथै आलु लगायत अन्य स्टलवाट सामग्रीको बिक्रीवितरण हुने क्रम समेत हवातै बढेको छ।बुधबारसम्मका ७ सय २० घरपरिवार मानिसले आलु किनी लगेको आलु तथा कृषि उपज व्यवस्थापन उपसमिति संयोजक जयराम तिम्सिनाले जानकारी दिए।

स्याङ्जा, चितवन, तनहुँ, पर्वत, मुस्ताङ, बाग्लुङ, सुनसरी लगायतका जिल्लाबाट समेत मानिस महोत्सवमा आई आलु किनी लगेको र हालसम्म न्यूनत्तम १० तथा अधिकत्तम १ सय ५० केजीसम्म प्रति परिवारले आलु खरिद गरेको संयोजक तिम्सिनाले बताए।महोत्सवको चौथो दिन बुधबारसम्म करिव साढे ७ लाखको आलु कारोवार भएकोका प्रतिकेजी रु ४२ मा आलु बिक्री गरिएको छ। महोत्सव अन्तर्गत बुधबार कलाकारहरु ज्योति मगर, जीवन दाहाल, रामजी पौडेल, तुलसा क्षत्री, सुमन खड्का, परशुराम अधिकारी, दुर्गा क्षत्री तथा हास्य कलाकारहरु युवराज भण्डारी र राजेन्द्र नेपालीका प्रस्तुतिहरु रहे। बिहीबार एलिना चौहान, जीवन दाहाल, रेशम निर्दोष, सरस्वती लामिछाने, इन्द्रा गुरुङ, परशुराम अधिकारी, सुभद्रा श्रेष्ठ, नवराज अधिकारीका प्रस्तुतिहरु रहने आयोजकले जनाइएको छ। त्यस्त महोत्सवमा मंगलबारदेखि रत्यौली गीत प्रतियोगिता पनि सुरु भएको छ।रत्यौलीतर्फ बुधबार तिन समूह शान्ति आमा समूह, सिर्जनशील आमा समूह र जनकल्याण आमा समूहका प्रस्तुति रहे।त्यस्तै बालकलाकार सम्पदा जिसी र स्नो भ्यू बोडिङ स्कूलले पनि आफ्नो प्रस्तुति राख्यो। महोत्सवको आकर्षणका रुपमा आलु तथा ताजा तरकारीको बृहत प्रदर्शन, आलुको पहाड निर्माण, आलुका विभिन्न परिकार, कृषकका लागि माटो, बोटविरुवा परीक्षण तथा रोगको निदान रहेका छन्।

त्यस्तै कृषक तथा कृषि सम्बन्धी विविध सांस्कृतिक कार्यक्रम, कृषि झाँकी प्रतियोगिता, चर्चित कलाकार हरुका प्रस्तुति, कृषक सम्मान साथै विभिन्न कृषि उपज, वीउविजन तथा अन्य कृषि यन्त्रको प्रदर्शनी पनि छन्।

# पोखरामा...

लामाले बताउनु भयो।

प्रतियोगिता सम्पन्न गर्न करिब १० लाख खर्च लाग्ने आयोजकले जनाएको छ। फिट नेपालले विगत ४ बर्ष देखि खेलाडी उत्पादनमा जोड दिदै आउने क्रममा राष्ट्रिय तथा अन्ताराष्ट्रिय खेलाडी निभा राई, दिलाषा राना लगायतका खेलाडी उत्पादन गर्न सफल भएको दाबी गरेको छ। बौद्ध अघौं सदनका परिकल्पनाकार, संस्थापक सचिव एवं पूर्व अध्यक्ष, कालिका मावि बिद्यालय व्यबस्थापन समितिका पूर्व अध्यक्ष, गण्डकी धौलागिरी पेट्रोलियम डिलर्स एशोसियसनका पूर्व अध्यक्ष, धम्भ पोखरा विपासना शिविरका संस्थापक अध्यक्ष, पोखरा उद्योग बाणिज्य संघका पूर्व सदस्य, मनकामना पेट्रोल पम्प, जय बुद्ध आयल स्टोर्सका पूर्व संचालक, हिमालयन पेट्रोलपम्पका संस्थापक सचिव, शान्ति संगम आयल स्टोर्स मुग्लिङका संचालक, गण्डकी धौलागिरी क्षेत्र मा २०२९ सालमा पहिलो पेट्रोलपम्प (हिमालय पेट्रोलियम क.प्रा.लि.) स्थापन गर्नु भएसंगै विभिन्न संघ संस्थामा आबद्ध हुनु भएको पोखरा क्षेत्रका एक समाजसेवी बिल बहादुर गुरुङको स्मृतिमा उक्त प्रतियोगिता आयोजना गरिएको हो।

पोखरा बुद्धचोक निबासि ९१ बर्षीय गुरुङको काठमाण्डौंमा उपचारकै क्रममा गत बर्ष (२०८०) चैत २७ गते निधन भएको थियो। स्व.बिल बहादुरका छोरा सुनिल गुरुङले बाबुले समाजमा केही गर्नुपर्छ भन्दै धेरै सामाजिक संघ संस्थामा पुर्‍याएको योगदानलाई आफुहरुले निरन्तरता दिन खोजेको बताउनु भयो। नेपालकै पहिलो तेक्वान्दोका कर्तिमानी ९ डान प्राप्त गर्नु भएको तुल्सी गुरुङले खेलाडी उत्पादन गर्न कम्तिमा १० देखि १५ बर्षको बृहत कार्ययोजना अनुसार अघि बढे मात्र ओलम्पिकसम्मको यात्रा तय गर्न सकिने दाबी गर्नु भयो। फिट नेपालले प्रतिभावान खेलाडीहरुलाई छात्राबृत्ति स्वरुप प्रोत्साहन हुने कार्यक्रम समेत ल्याउने जनाउनु भयो। आफ्नो अभियानलाई सबैले साथ र सहयोग गर्न गुरुङले आव्हान गर्नुभयो।

# आर्थिक सुशासनका लागि नेतृत्व विषयक प्रशिक्षण

**पोखरापत्र संवाददाता**
पोखरा, २७ चैत



दायित्व नामक संस्था र गण्डकी प्रदेश सरकारको आयोजनामा "आर्थिक सुशासनका लागि नेतृत्व" विषयक प्रशिक्षण कार्यक्रम २०८१, गण्डकी प्रदेशको पोखरामा सम्पन्न भयो।

वृद्धिमुखी उद्यमशीलता र रोजगारी प्रवर्धन कार्यक्रम अन्तर्गत आयोजित दुई दिने कार्यक्रममा पाँच स्थानीय सरकारका ३२ पुरुष र १२ महिला गरी ४४ स्थानीय नेतृत्व तथा कर्मचारी र प्रदेश स्तरका सरोकारवालाहरूको सहभागिता रहेको थियो। कार्यक्रमले आर्थिक सुशासन, राजनीतिक अर्थतन्त्र विश्लेषण, अनुकूलनीय नेतृत्व, सेवा मानसिकता, र सुशासन नवप्रवर्तन विषयमा सत्रहरू आयोजना गरिएको थियो, जसमा श्री कल्याण श्रेष्ठ (पूर्व प्रधान न्यायाधीश, सर्वोच्च अदालत), श्री कृष्ण ज्ञवाली (पूर्व सचिव, नेपाल सरकार), डा. सुचेता प्याकुर्याल (प्राध्यापक, त्रिभुवन विश्वविद्यालय), र डा. पुकार मल्ल (अध्यक्ष, दायित्व अभियान) ले सहजीकरण गर्नुभयो। कार्यक्रमको उद्घाटन गण्डकी प्रदेशका मुख्यमन्त्री माननीय सुरेन्द्र राज पाण्डेले गर्नुभएको थियो। उहाँले प्रदेश सरकार ग्रामीण उद्यमशीलता मार्फत रोजगारीका अवसरहरू सिर्जना गर्न प्रतिबद्धता रहेको विचार व्यक्त गर्नुभयो। कार्यक्रमको समापन आर्थिक मामिला मन्त्रालयका मन्त्री माननीय डा. टकराज गुरुङले गर्नुभएको थियो। उहाँले क्षेत्रीय दिगो विकासका लागि आर्थिक योजनाको महत्त्वलाई जोड दिनुभयो।

गण्डकी प्रदेश, उद्योग तथा पर्यटन मन्त्रालयका मन्त्री माननीय मित्रलाल बस्यालले वृद्धिमुखी उद्यमशीलता र रोजगारी प्रवर्धन कार्यक्रम मार्फत ग्रामीण उद्यमशीलताको प्रवर्धनमा सरकारको प्रतिबद्धता व्यक्त गर्नुभयो। गण्डकी प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा. कृष्ण देवकोटाले उत्कृष्ट शासकीय परिणामका लागि नीति संरचनाहरू सुदृढ बनाउनको महत्त्वमा आफ्नो विचार व्यक्त गर्नुभयो।

# नैतिक शिक्षा, धार्मिक भावना कमजोर बन्दै गएकोमा गण्डकीका मन्त्री गुरुङको चिन्ता

**पोखरापत्र संवाददाता**
पोखरा, २७ चैत




सिटीवान टेलिभिजनले नयाँवर्ष २०८२ को क्यालेण्डर सार्वजनिक गरेको छ। पोखराको नयाँबजार स्थित कार्यालय परिसरमा आयोजित नयाँ वर्षको शुभकामना आदानप्रदान समारोहमा क्यालेण्डर सार्वजनिक गरिएको हो।

क्यालेण्डर गण्डकी प्रदेशका आर्थिक मामिला मन्त्री डा.टकराज गुरुङले सार्वजनिक गरेका थिए। क्यालेन्डर सार्वजनिक कार्यक्रममा बोल्दै गण्डकी प्रदेश सरकारका प्रवक्ता समेत रहेका गुरुङले देशमा नैतिक शिक्षा, धार्मिक भावना विस्तारै कमजोर बन्दै गएकोमा चिन्ता व्यक्त गरे। पछिल्लो समयमा देशको राजनीतिमा समेत केही कमजोरी भएको उनले औंल्याए। केही वर्ष अगाडिसम्म जन्मभूमि प्रतिको माया, गाउँ प्रतिको माया अगाध हुने गरेको भएपनि अहिले त्यसमा परिवर्तन आएको उनले उल्लेख गरे। हिजो जन्मभूमि प्रतिको माया हुने गरेको र त्यहीँ अनुसारको नैतिक शिक्षा प्रदान गरिएको भएपनि अहिले त्यस्तो हुन नसकेको बताए। युवा शक्ति देशबाट पलायन हुने अवस्था भएकोमा उनको चिन्ता थियो।

नेकपा एमाले गण्डकी प्रदेश संसदीय दलका प्रमुख सचेतक गोविन्द बहादुर नेपालीले राज्य भनेको सरकार मात्र नभएर आम नागरिक हो भन्ने भाव सबैले बुझ्नुपर्ने बताए। विगतलाई खुशीका साथ स्मरण गर्दै नयाँ वर्षलाई स्वागत गर्नुपर्नेमा जोड दिए। नेपाली काङ्ग्रेस गण्डकी प्रदेश उपसभापति तथा पूर्व मन्त्री मेखलाल श्रेष्ठले किसानहरू हतोत्साही नहुने गरेर सरकारले काम गर्नुपर्ने बताए। किसानहरू हतोत्साही भएमा देश आत्मनिर्भर बन्न नसक्ने भन्दै गण्डकी प्रदेशका ११ वटै जिल्लामा राम्रो खालका कोल्ड स्टोर बनाउनुपर्नेमा जोड दिए। सिटीवान टेलिभिजनका अध्यक्ष पवन कुमार प्रजापतिले गण्डकी प्रदेशमा भएका गतिविधि, विचार, संस्कृती, खेलकुद, स्वास्थ्य लगायतका विषयलाई मिडिया मार्फत उजागर गर्ने उद्देश्यले टेलिभिजनको स्थापना गरिएको बताए। कोरोनाको समयमा समेत साथीहरूको साथ र सहकार्यका कारण टेलिभिजन स्थापना गर्न सकिएको उनको भनाइ थियो। उनले स्थापना पश्चात टेलिभिजनले हरेक वर्ष नियमित रुपमा क्यालेण्डर प्रकाशन गर्ने गरिएको उल्लेख गरे। कार्यक्रममा मादी गाउँपालिकाका अध्यक्ष देवीजंग गुरुङ, रुपा गाउँपालिका उपाध्यक्ष लालसुब्बा गुरुङ, पोखरा महानगरपालिका वडा नं ९ का अध्यक्ष दीपेन्द्र मर्सानी, पोखरा उद्योग वाणिज्य संघका उपाध्यक्ष बलराम आचार्य, होटल सङ्घ पोखराका अध्यक्ष लक्ष्मण सुवेदी, पोखरा चेम्बर अफ कमर्श कास्कीका अध्यक्ष उमराज बाँस्तोला, टेलिभिजनका कोषाध्यक्ष विनोद भुजेल लगायतले कार्यक्रममा बोलेका थिए। कार्यक्रमको सञ्चालन सिटी वान टेलिभिजनका प्रबन्ध निर्देशक अनिशा श्रेष्ठले गरेकी थिइन्। क्यालेन्डर प्रकाशन गर्न सघाउनै सबैप्रति टेलिभिजनले आभार समेत प्रकट गरेको छ। टेलिभिजनले उक्त क्यालेन्डर ५ हजार प्रति प्रकाशन गरेको जनाएको छ। प्रबन्ध निर्देशक श्रेष्ठका अनुसार क्यालेण्डर गण्डकी प्रदेशका सबै पालिका र वडा कार्यालय, व्यावसायिक प्रतिष्ठान, सरकारी तथा गैरसरकारी निकायका कार्यालयहरूलगायतमा वितरण गरिनेछ। यसका साथै काठमाडौँ र प्रमुख सहरका मुख्य व्यावसायिक तथा औद्योगिक प्रतिष्ठानमा पनि क्यालेण्डर उपलब्ध गराइने बताइएको छ।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# नागरिक मैत्री सिडिओलाई स्याङ्जावासीले गरे 'फेरी भेटौला'

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २७ चैत

कर्मचारीको सरुवा नियमित प्रक्रिया हो । कर्मचारी सरुवा हुँदा फेरी भेटौला कार्यक्रम मार्फत बिदाई गर्ने सामान्य प्रचलन छ ।

तर स्याङ्जामा प्रमुख जिल्ला अधिकारीको भुमिकामा आएकी सुनिता नेपालको बिदाईमा भने जिल्लाका एकदर्जन संघसंस्था, सरकारी कार्यालय, राजनीतिकदल लगायतको सहभागितामा भव्य बिदाई गरिएको थियो । प्रजिअ नेपालले झण्डै १७ महिना जिल्लाको शान्तिसुरक्षा, विकास निर्माण लगायतका सेवामा उनले खेलेको समन्वयकारी भुमिकाकै कारण उनको बिदाई अहिलेसम्मकै अविस्मरणीय रहन पुगेको छ ।

जिल्ला समन्वय समिति स्याङ्जाको समन्वयमा कर्मचारी मिलन केन्द्र सहित जिल्लाका ११ ओटै पालिका, सामाजिक संघसंस्था, नागरिक समाज, पत्रकार महासंघ, राजनीतिकदल लगायतको सहभागितामा उनलाई बिदाई गरिएको थियो । प्राय एकबर्ष सम्म जिल्लाको प्रशासनिक कार्यसम्पादन गर्ने प्रावधान



भन्दा बढी समय नेपालले प्रजिअको कार्यभार सम्हालेकी थिइन् । जिल्लामा आएका प्रमुख जिल्ला अधिकारीहरु मध्ये सबैभन्दा धेरै कार्यसम्पादन गर्ने सूचीमा नेपाल पर्छिन । उनको बिदाईमा जिल्ला समन्वय समितिका प्रमुख श्रीप्रसाद घर्ति, उपप्रमुख खडगराज सुवेदी, भीरकोट नगरप्रमुख गोविन्दकुमार कर्माचार्य, जिल्ला न्यायधीश सरिता रायमाझी, कर्मचारी मिलन केन्द्रका अध्यक्ष अर्थातं कोष तथा लेखा नियन्त्रक ठमनारायण शर्मा, सचिव अर्थात शिक्षा विकास तथा समन्वय इकाई कार्यालयका शाखा अधिकृत सुरेश सुवेदी लगायतले सरुवा भई जान लाग्नु भएका प्रजिअ नेपालले जिल्लाका लागि पुरयाउनु भएको सेवाका बारेमा चर्चा गर्दै शुभकामना ब्यक्त गरेका थिए । नेपालले जिल्लामा रहदा प्रशासनिक निकायबाट खेलेको भुमिका निकै अतुलनिय रहेको उनीहरुले बताएका थिए ।

'फेरी भेटौला' मार्फत बिदाईमा रहेकी प्रमुख जिल्ला अधिकारी सुनिता नेपालले जिल्लाबासी सबैको साथ र सहयोगले स्याङ्जा बसाई सुखद रहेको बताइन् । आउदा दिनहरुमा पनि स्याङ्जाका लागि आवश्यक सहयोग गर्ने प्रतिवद्धता नेपालको थियो । प्रजिअ भएर आउने र जाने भन्ने नियमित प्रक्रिया हो उनले भनिन्,'राष्ट्रसेवक कर्मचारीले जनताप्रति उत्तरदायीत्व रहेर काम गर्नुपर्छ ।' कर्मचारी र जनप्रतिनिधिलाई कानूनले दिइएका जिम्मेवारी अनुसार काम गरेमा कोही कसैलाई पनि अफ्ठयारो पर्दैन उनले भनिन् । सेवाभावले काम गरे पुण्य कमाउन सकिने हुदा सबै कर्मचारीलाई सेवाभावले काम गर्न नेपालको सुझाव थियो । आफु रहदा बस्दा गरेका केही उल्लेखनीय कामका बारेमा प्रजिअ नेपालले जानकारी गराएकी थिइन् । प्रजिअ नेपालले सामाजिक विकास कार्यालय स्याङ्जाका प्रमुख जीवन पौडेललाई कार्यसम्पादनमा उत्कृष्ट काम गरेको भन्दै कदरपत्रले सम्मान गरेकी थिइन् ।

बिशेष गरी प्रजिअ नेपालले नागरिकताबाट बन्चित नागरिक र बालवालिकाको क्षेत्रमा बिशेष कार्ययोजना बनाएर काम गरेकी थिइन् । प्रक्रिया नपुगेर नागरिता पाउनबाट बन्चित नागरिकलाई आफै प्रक्रिया पुराएर नागरिकता दिलाईदिने काम गरेपछि उनको प्रशंसा भएको थियो । त्यस्तै गएको बर्षादको समयमा प्राकृतिक विपद्मा उनले महत्वपुर्ण भुमिका खेलेकी थिइन् ।

नागरिकको कामलाई नजिकबाट समन्वयकारी भुमिका खेलेर समस्या समाधानमा उनको भुमिका राम्रो देखिएपछि स्याङ्जावासीको प्रिय प्रजिअको रुपमा परिचित बन्न सफल भएकी थिइन् ।

# माउन्ट अन्नपूर्ण माविद्धारा कक्षा १२ का विद्यार्थीलाई विदाई

**पोखरापत्र संवाददाता**
पोखरा, २७ चैत

पोखराको नदिपुरमा रहेको माउन्ट अन्नपूर्ण माविका कक्षा १२ अन्तरर्गत होटल म्यानेजमेन्ट तथा म्यानेजमेन्टका बिद्यार्थीलाई बुधबार बिदाई गरिएको छ ।

कक्षा १२ को अन्तिम परीक्षाको तयारीमा रहेका विद्यार्थीका लागि विदाई कार्यक्रम आयोजना गरिएको हो । कक्षा ११ का विद्यार्थी र बिद्यालयको संयोजनमा भएको कार्यक्रममा विद्यालय संचालक समितिका अध्यक्ष सुरज प्रकाश प्रधानाङ्गले उदघाट्न गरेका थिए ।

उक्त अवसरमा बोल्दै प्रधानाङ्गले बिद्यार्थी बिदाई भएर गए पनि उनिहरु बिद्यालयको हिस्सा भएको बताए । उनले आगामि दिनहरुमा पनि बिद्यार्थीहरु सगँ सहकार्य गर्ने बताउदै उज्जवल भविष्यको कामना गरे । विद्यालयका प्राचार्य सइन्द्र श्रेष्ठले म्यानेजमेन्ट र होटल म्यानेजमेन्ट दुबै व्यवहारिक विषय भएकोले यसैको जगमा उभिएर स्वरोजगार बन्न सक्ने शैक्षिक मार्ग रोज्नु पर्ने सुझाव दिए।विद्यालयका अतिरिक्तक्रियाकलाप निर्देशक तेज बहादुर गुरुङले बिद्यार्थीले गरेको सामाजिक काम र अतिरिक्त क्रियाकलापमा देखाएको उर्जा र हात पारेको उपलब्धीले विद्यालयलाई ठुलो योगदान पुगेको बताए । कक्षा ११ का विद्यार्थी छात्रा एड्रिना गुरुङले भविश्य उज्जवल बनाउनका लागि अग्रजले देखाएको बाटोले आगामी पुस्तालाई सहज हुने बताइन् । बिदाई कार्यक्रममा बिद्यालयका अध्यक्ष प्रधानाङ्ग, प्राचार्य श्रेष्ठ, अतिरिक्त क्रियाकलाप निर्देशक गुरुङ, एकेडेमिक डाइरेक्टर अशोक कुमार शाहि,पुर्व अध्यक्ष चिजकाजी गुरुङ,प्रशासक चित्र गुरुङ लगायतले विद्यार्थीलाई विदाई गरेका थिए ।

# होमियोप्याथिक दिवसको सन्दर्भमा–वैकल्पिक स्वास्थ्य सेवाको उज्यालो बाटो

**पोखरापत्र संवाददाता**
पोखरा, २७ चैत

अप्रिल १० मा मनाइने होमियोप्याथिक दिवस, चिकित्सा विज्ञानका एक महान योगदानकर्ता डा. सैमुएल हानेमानको जन्मजयन्तीको स्मरणमा मनाइन्छ ।

सन् १७५५ मा जन्मिएका डा. हानेमानले रोगको उपचारमा एउटा नयाँ सिद्धान्त प्रतिपादन गरे 'जस्तैले जस्तैलाई निको पार्छ ।' यही सिद्धान्तमा आधारित भएर होमियोप्याथिक चिकित्सा पद्धतिको जन्म भयो । होमियोप्याथिक उपचार प्राकृतिक पदार्थहरूको अति साना मात्रा प्रयोग गरेर गरिन्छ, जसले रोगीको प्रतिरक्षा प्रणालीलाई सक्रिय गर्छ। शारीरिक मात्र होइन, मानसिक र भावनात्मक पक्षलाई समेत समेट्ने भएकाले यो पद्धति समग्र स्वास्थ्य सुधारमा सहयोगी मानिन्छ । यस पद्धतिले पार्श्वप्रभाव कम हुने, औषधिहरू सस्तो र सजिलो उपलब्ध हुने, र व्यक्तिकृत उपचारमा जोड दिने विशेषताहरू बोकेको छ । नेपालमा पछिल्लो केही दशक यता होमियोप्याथिक चिकित्सा पद्धतिको प्रयोग र लोकप्रियता उल्लेखनीय रूपमा बढेको छ। विशेषगरी ग्रामीण क्षेत्रमा, जहाँ एलोप्याथिक स्वास्थ्य सेवा सीमित छ, होमियोप्याथी एक भरपर्दो विकल्पको रूपमा उभिएको छ। पोखरा लगायत देशका विभिन्न स्थानहरूमा होमियोप्याथिक अस्पताल, क्लिनिक, र फार्मेसीहरूले सेवा दिइरहेका छन् । आरोग्य धाम होमियोप्याथिक हस्पिटल, पोखरा पनि यस्तै सेवा प्रदान गर्ने एक समर्पित संस्था हो, जहाँ हामी रोगीहरूको समस्यालाई गहिरो विश्लेषण गर्दै सम्पूर्ण स्वास्थ्य सुधारतर्फ कार्यरत छौं ।

२७०औं होमियोप्याथिक दिवस हामी सबैका लागि एउटा प्रेरणा हो–स्वस्थ जीवनका लागि प्राकृतिक र समर्पित पद्धतिलाई आत्मसात् गर्ने। यो दिवसले हामीलाई वैज्ञानिक सोच, निष्ठा र मानवीय सेवाको भावनालाई अझ सुदृढ बनाउने अवसर दिन्छ । स्वस्थ समाज निर्माणका लागि होमियोप्याथिक पद्धति हाम्रो साथ रहनेछ ।

# पोखरामा राष्ट्रिय खुल्ला एथलेटिक्स प्रतियोगिता हुने

**पोखरापत्र संवाददाता**
पोखरा, २७ चैत

जिल्ला एथलेटिक्स संघ कास्कीले पोखरामा पहिलो पटक राष्ट्रिय खुल्ला एथलेटिक्स प्रतियोगिता आयोजना गर्ने भएको छ ।

एथलेटिक्स खेलाडीहरुको खेल स्तर र उन्नतिका लागि नियमित प्रशिक्षण संगै जिल्ला स्तरिय प्रतियोगिताहरु सञ्चालन तथा प्राविधिक सहयोग गर्दै आइरहेको एथलेटिक्स संघले आगामी चैत्र २९ र ३० गते पोखरामा पोखरा ओपन एथलेटिक्स मीट २०२५ को आयोजना गर्न लागेको संघले बुधवार पत्रकार सम्मेलनको आयोजना गरि जानकारी दिइयो ।

पत्रकार सम्मेलनमा वोल्दै जिल्ला एथलेटिक्स संघ कास्कीका अध्यक्ष गज बहादुर गुरुङले आगामी चैत्र २९ र ३० गते पोखरामा एथलेटिक्स मीट २०२५ को आयोजना गर्न लागेको र त्यसको सम्पूर्ण तयारी पुरा भएको बताए । नेपाली एथलेटिक्स खेल जगतको ईतिहासमै प्रथम राष्ट्रिय खेलकुद २०३८ साल देखि वि.सं २०७९ मा पोखरामा सम्पन्न नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता सम्म गण्डकी प्रदेशका एथलेटिक्स खेलाडीहरुले आफ्नो छुट्टै पहिचान बनाउन सफल भएको उनको भनाइ थियो ।

नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा एथलेटिक्समा गण्डकी प्रदेशबाट १ स्वर्ण, १ रजत र २ काश्य पदक जित्न सफल भएको बताउदै अध्यक्ष गुरुङले नवौ राष्ट्रिय खेलकुद प्रतियोगितामा म्याराथनमा स्वर्ण, महिला ४ इन्टु १ सय मिटर रिलेमा रजत, हाईजम्प महिला र लङजम्प पुरुषमा काश्य पदक जित्न सफल भएको वताए। उक्त प्रतियोगिताबाट कर्णाली प्रदेशमा हुन गइरहेको दशौं राष्ट्रिय खेलकुद प्रतियोगितामा जिल्ला हुँदै प्रदेशका लागि पदक दिलाउन योग्य बनाउने उद्देश्यका साथ यस प्रतियोगिताले गण्डकी प्रदेशका एथलेटिक्स खेलाडीहरुको मात्र नभई देशै भरिका एथलेटिक्स खेलाडीहरुले आफ्नो खेल कौशलता प्रदर्शन गर्दै खेलको अनुभव र मनोवल उच्च बनाउने लक्ष्य लिएको गुरुङले जानकारी दिए । प्रतियोगितामा विभिन्न १२ विद्या रहेका छन । जसमा पुरुष र महिला तर्फ दौड तर्फ १०० मिटर, २ सय मिटर, ४ सय मिटर, १५ सय मिटर र ४ इन्टु सय मिटर रिले, लङजम्प, ट्रिपल जम्प, हाइ जम्प, सट पुट, ज्याभलिन थ्रो र कास्की जिल्ला भित्रको विद्यालय स्तरीय १०० मिटर दौड रहेको जिल्ला एथलेटिक्स संघ कास्कीका सचिव सिद्धान्त अधिकारीले बताए । प्रतियोगितामा १२ वटै विद्यामा प्रथम, द्धितिय र तृतिय हुनेले क्रमश नगद ५ हजार, तीन हजार र दुई हजार र उत्कृष्ट पुरुष र महिला खेलाडीलाई १०/१० हजार पुरस्कार प्रदान गरिने बताउदै अधिकारीले त्यस्तै उदयीमान खेलाडी दुईजनालाई विशेष पुरस्कारको ब्यवस्था गरिएको समेत बताए। प्रतियोगिता सम्पन्न गर्न अनुमानित १० लाख खर्च हुने छ । प्रतियोगितामा नेपाल भरका खेलाडीहरुले कुनैपनि विभागीय क्लब, प्रदेश, जिल्ला, संघ संस्था, विद्यालय, क्याम्पस साथै ब्याक्तिगत पनि नाम दर्ता गरि सहभागीता जनाउन सक्ने आयोजकले जनाएको छ ।

# वडाध्यक्ष मृत फेला

**रासस**
बागलुङ, २७ चैत

बागलुङ ताराखोला–३ का वडाध्यक्ष कर्णबहादुर भण्डारी मृत अवस्थामा फेला पर्नुभएको छ । आज बिहान ११ बजे घर नजिकै रहेको काठको बलोमा झुण्डिएको अवस्थामा उहाँको शव भेटिएको प्रहरीले जनाएको छ ।

डोरीको पासो लगाई झुण्डिएको अवस्थामा देखेपछि स्थानीयले प्रहरीलाई खबर गरेका थिए। अहिले प्रहरी घटनास्थलमा पुगेर शव निकालेको जिल्ला प्रहरी कार्यालय बागलुङका प्रहरी नायब उपरीक्षक विजय यादवले जानकारी दिनुभयो ।

ताराखोला प्रहरी चौकीबाट प्रहरी नायब निरीक्षक विष्णुप्रसाद शर्माको कमाण्डमा ४ जना र थप अनुसन्धान तथा कानुनी प्रक्रियाका लागि इलाका प्रहरी कार्यालय गलकोटबाट प्रहरी देवराज काफ्लेको कमाण्डमा ७ जनाको प्रहरी टोली घटना स्थलमा पुगेको प्रहरीले जनाएको छ । विसं २०७९ मा भएको स्थानीय तहको निर्वाचनमा भण्डारी नेकपा (माओवादी केन्द्र)बाट निर्वाचित हुनुभएको थियो ।


## कर्जा भुक्तानी गर्ने बारे ७ दिने सूचना

**तेस्रो पटक प्रकाशित मिति: २०८१/१२/२८**

यस युनाईटेड नेपाल बहुउद्धेश्यीय सहकारी संस्थावाट व्यावसायिक धितो कर्जा ऋणीले ऋण लिंदा गरिदिएको लिखत र कर्जा/सुविधा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम संस्थालाई बुझाउनु पर्ने कर्जा रकमहरु म्यादभित्र चुक्ता नगरेको र संस्थावाट लिखित तथा मौखिक तरताकेता गर्दा समेत कर्जा चुक्ता गर्ने तर्फ तत्परता नदेखाएको हुनाले यो ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण सावा, व्याज तथा अन्य दैदस्तुर समेत बुझाउन ल्याउन सम्बन्धित ऋणी र धितो जमानी दिने व्यक्ति तथा व्यक्तिगत जमानीकर्ताहरुलाई सूचित गरिएको छ। सो म्यादभित्र वक्यौता भएको सम्पूर्ण रकम संस्थालाई चुक्ता भुक्तान नगरी बसेमा ऋणीले संस्थालाई लेखिदिएको धितो र कथंकदाचित धितोबाट असुलउपर हुन नसके असुलउपर नभई बाँकी रहेको रकम ऋणी वा निजको एकासंगोल परिवारका नाउँमा रहेको अन्य चलअचल सम्पत्ति र ऋण लिंदा जमानी दिनेको नाममा रहेको वा निजको हकको चलअचल सम्पत्तिवाट समेत सहकारी सम्बन्धी ऐन, २०७४ तथा अन्य प्रचलित नेपाल कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी संस्थाको लेना रकम असुलउपर गरिलिने तथा ऋणी र व्यक्तिगत जमानतकर्तालाई समेत कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा समेत पूर्व जानकारीका लागि सूचित गरिएको छ।

| ऋणीको नाम थर ठेगाना | ऋणीको फोटो | धितो सुरक्षण विवरण |
|---|---|---|
| १. श्री सपना ठकुरी<br>(ना.प्र.प.न.५१३००२३/३७,<br>जारी मिति: २०६३।१०।२९, पर्वत<br>ठेगाना: कुश्मा -११, पर्वत<br>हालको ठेगाना: पोखरा-०५, कास्की<br>बाबुको नाम: रुद्र बहादुर के.सी.<br>बाजेको नाम: पुर्ण बहादुर के.सी.<br>पतिको नाम: ज्ञानेन्द्र बहादुर ठकुरी |  | १. कास्की जिल्ला हेमजा, गा.वि.स. वडा नं.-०५ कित्ता नं. १८५२, १८५४, १८५६, १८५८ क्षेत्रफल १५५.०० वर्गमिटर। |
| **ब्यक्तिगत जमानीकर्ताहरु** | | |
| १. श्री सुमित ठकुरी<br>(ना.प्र.प.न.५१-०१-७८-०३०५१, पर्वत<br>ठेगाना: कुश्मा -११, पर्वत<br>हालको ठेगाना: पोखरा-०५ कास्की<br>बाबुको नाम: ज्ञानेन्द्र बहादुर ठकुरी<br>बाजे: टोलक बहादुर ठकुरी |  | |
| २. श्री लोप्साङ बम्जन (लामा)<br>(ना.प्र.प.न. २४-०-७०-०१२३७, सिन्धुपाल्चोक<br>ठेगाना: बाँसखर्क -०८, सिन्धुपाल्चोक<br>हालको ठेगाना: पोखरा -०५, कास्की<br>बाबुको नाम: अशोक कुमार बम्जन<br>बाजे: कृपाल बम्जन |  | |
| ३. श्री सन्तोषी अधिकारी<br>(ना.प्र.प.न. २८३०३८/१४०, ललितपुर<br>ठेगाना: गोरिखेल -०४, ललितपुर<br>हालको ठेगाना: पोखरा -०८ बगालेटोल<br>बाबुको नाम: गोपाल घर्ती<br>बाजे: नैला जि.सी. |  | |

**युनाइटेड नेपाल बहुउद्धेश्यीय सहकारी संस्था लि.**
**पोखरा १०, रक्षा मार्ग**
**फोन नं.: ०६१-५७१०१०, ५८९९६४**



बिरुवा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
बिरुवा, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति :२०८१/१२/२८

यस गाउँपालिका कार्यालयको मिति २०८१/१२/१५ गते प्रकाशित बोलपत्र आव्हान सम्बन्धी सूचना अनुसार यस गाउँ कार्यपालिकाको कार्यालयमा आ.ब.२०८१/८२ का लागि e-bid मार्फत दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमको बोलपत्र न्यूनतम मुल्यांकित तथा सारभूत रुपले प्रभावग्राही भएको हुँदा सार्बजनिक खरिद ऐन,२०६३ को दफा २७(२) र दफा ४७ बमोजिम बोलपत्र स्वीकृत गर्ने प्रयोजनार्थ यो आशयको सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| क्र.स | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल गरेको रकम (VAT समेत) | कै. |
|---|---|---|---|---|
| 1. | Supply, Delivery and Installation of IT Related Goods *(Contract ID No: NCB/BRM/GOODS/002/2081/82)* | The Apex Computer Showroom Waling-8, Syangja | NRs. 2424980.00 | |

प्रमुख प्रशासकीय अधिकृत